# भाग ५

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना १

नेपाल सरकारले शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७६ को नियम ४१ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची-३ र अनुसूची- ४ मा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(१) अनुसूची-३ को क्रम सङ्ख्या ३ पछि देहायको क्रम सङ्ख्या ४ थपिएको छः-

| | | | |
|---|---|---|---|
| "४. | महाङ्काल-मूलखर्क-ओखेनी गाउँ | ३.५ कि.मि. | " |

(२) अनुसूची-४ को खण्ड (क) को क्रम सङ्ख्या (१६) को सट्टा देहायको क्रम सङ्ख्या (१६) राखिएको छः-

"(१६) "मूलखर्क-झुले- चिसापानी"

## सूचना २

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल राज्यभित्रका निजी खेत, खला, बारीमा आउने सानो जातको बँदेल बाहेकको जङ्गली बँदेललाई यो सूचना नेपाल राजपत्रमा प्रकाशन भएको मितिले एक वर्ष सम्मको लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरी त्यस्ता जङ्गली बँदेलले निजी खेत, खला, बारीमा आई क्षति पुऱ्याउने अवस्था भएमा त्यस्तो खेत, खला, बारीका धनीले देहायको शर्तको अधीनमा रही बिना अनुज्ञापत्र धपाउन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लखेट्न, पक्रन वा मार्न सक्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

**शर्तहरुः-**

(क) जङ्गली बँदेलले किसानको खेतबारीमा आई बालीनाली वा धनजनको हानी नोक्सानी पुऱ्याएमा किसान एक्लै वा सामूहिक रुपमा त्यस्तो बँदेललाई धपाउन, लखेट्न वा पक्रन सक्ने,

(ख) खण्ड (क) बमोजिम जङ्गली बँदेललाई पक्रिएमा सो बँदेल सम्बन्धित राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय, संरक्षण क्षेत्रको कार्यालय, डिभिजन वन कार्यालय वा त्यस्ता कार्यालयको मातहतको नजिकको कार्यालयमा बुझाउनु पर्ने र यसको सूचना सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा समेत दिनु पर्ने,

(ग) खण्ड (क) बमोजिम जङ्गली बँदेललाई धपाउने, लखेट्ने वा पक्रने क्रममा त्यस्तो बँदेलको मृत्यु भएमा त्यस्तो बँदेललाई सम्बन्धित वडाका एकजना प्रतिनिधि सहित कम्तीमा पाँचजना स्थानीय व्यक्तिको रोहवरमा मुचुल्का खडा गरी गाड्न वा तौलको आधारमा पञ्चकिर्ती मूल्य तोकी उक्त रकम राजश्वमा दाखिला गरी सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाभित्र उपयोग (व्यापारिक प्रयोजन बाहेक) गर्न सकिने र सोको जानकारी सम्बन्धित राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय, संरक्षण क्षेत्र कार्यालय, डिभिजन वन कार्यालय वा त्यस्ता कार्यालयको मातहतको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नजिकको कार्यालय र स्थानीय तहको वडा कार्यालयमा दिनु पर्ने,

(घ) खण्ड (ग) बमोजिम जङ्गली बँदेल मारिएकोमा राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय, संरक्षण क्षेत्र कार्यालय, डिभिजन वन कार्यालयले सोको विवरण प्रत्येक महिना नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा सम्बन्धित प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र प्रदेश वन निर्देशनालयमा दिनु पर्ने,

(ङ) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र वा राष्ट्रिय वन क्षेत्रमा जङ्गली बँदेललाई धपाउन, लखेट्न, पक्रन वा मार्न नपाइने ।

## सूचना ३

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल राज्यभित्रका निजी खेत, खला, बारीमा आउने जङ्गली रातो बाँदर (*Macaca mulatta)* लाई यो सूचना नेपाल राजपत्रमा प्रकाशन भएको मितिले एक वर्ष सम्मको लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरी त्यस्ता जङ्गली रातो बाँदरले निजी खेत, खला, बारीमा आई क्षति पुऱ्याउने अवस्था भएमा त्यस्तो खेत, खला, बारीका धनीले देहायको शर्तको अधीनमा रही बिना अनुज्ञापत्र धपाउन, लखेट्न, पक्रन सक्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**शर्तहरु:-**

(क) जङ्गली रातो बाँदरले किसानको खेतबारीमा आई बालीनाली वा धनजनको हानी नोक्सानी पुऱ्याएमा किसान एक्लै वा सामूहिक रुपमा त्यस्तो बाँदरलाई धपाउन, लखेट्न वा पक्रन सक्ने,

(ख) खण्ड (क) बमोजिम जङ्गली रातो बाँदरलाई पक्रिएमा सो बाँदर सम्बन्धित राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय, संरक्षण क्षेत्रको कार्यालय, डिभिजन वन कार्यालय वा त्यस्ता कार्यालयको मातहतको नजिकको कार्यालयमा बुझाउनु पर्ने र यसको सूचना सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा समेत दिनु पर्ने,

(ग) खण्ड (क) बमोजिम जङ्गली रातो बाँदरलाई धपाउने, लखेट्ने वा पक्रने क्रममा त्यस्तो बाँदरको मृत्यु भएमा त्यस्तो बाँदरलाई सम्बन्धित वडाका एकजना प्रतिनिधि सहित कम्तीमा पाँचजना स्थानीय व्यक्तिको रोहवरमा मुचुल्का खडा गरी गाड्नु पर्ने र सोको जानकारी सम्बन्धित राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय, संरक्षण क्षेत्र कार्यालय, डिभिजन वन कार्यालय वा त्यस्ता कार्यालयको मातहतको नजिकको कार्यालय र स्थानीय तहको वडा कार्यालयमा दिनु पर्ने,

(घ) खण्ड (ग) बमोजिम जङ्गली रातो बाँदर मारिएकोमा राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय, संरक्षण क्षेत्र कार्यालय, डिभिजन वन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयले सोको विवरण प्रत्येक दुई महिनामा नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा सम्बन्धित प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र प्रदेश वन निर्देशनालयमा दिनु पर्ने,

(ङ) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र वा राष्ट्रिय वन क्षेत्रमा जङ्गली रातो बाँदरलाई धपाउन, लखेट्न, पक्रन नपाइने ।

**आज्ञाले,**
**डा. दीपक कुमार खराल**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.६०/-**
**गो.द.ह.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।